# आर्थिक वर्ष २०८२।८३ को

# नीति तथा कार्यक्रम

## गुर्भाकोट नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## शुभाघाट, सुर्खेत
## कर्णाली प्रदेश, नेपाल

२०८२ साल असाढ १० गते मंगलबार

# गुर्भाकोट नगरपालिका नगरसभाको १७ औं नगरसभा समुद्घाटन समारोहमा नगर प्रमुख श्री हस्त पुनज्यूद्वारा प्रस्तुत

## आ.व. २०८२।०८३ को नीति तथा कार्यक्रम

नेपाली जनताको लामो त्याग र बलिदानबाट प्राप्त सङ्घीय लोकतान्त्रिक गणतान्त्रिक शासन व्यवस्था बमोजिम गठन भएको गुर्भाकोट नगरपालिका नगरसभाको १७ औं अधिवेशनमा उपस्थित

**नगरसभाका आदरणीय सदस्यज्यूहरु,**

मुलुक सङ्घीय संरचनामा गएपछि भएको दोस्रो आवधिक निर्वाचनबाट पुनः निर्वाचित भई आएको दोस्रो कार्यकालको चौथो बर्षको गुर्भाकोट नगरपालिकाको यस गरिमामय नगर सभामा उपस्थित भई आगामी आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा निकै नै गौरवान्वित महसुस गरेको छु ।

नेपालमा नागरिक सर्वोच्चता, लोकतन्त्रको स्थापना, मुलुकको समृद्धि र अग्रगमनका लागि इतिहासको विभिन्न कालखण्डमा भएका विभिन्न संघर्ष तथा आन्दोलनमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति सर्वप्रथम हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । साथै उक्त संघर्ष तथा आन्दोलनमा निर्भिकतापूर्वक सहभागी भै घाईते, वेपत्ता एवं अपाङ्गता भएका व्यक्तिमा हार्दिकताका साथ उच्च सम्मान प्रकट गर्न चाहन्छु।

यस गुर्भाकोट नगरपालिकाको १७ औ नगर सभाको वार्षिक नीति तथा कार्यक्रम तर्जुमा गर्दा नेपालको संविधानमा उल्लेखित राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु, नागरिकका मौलिक हक, नेपाल सरकारले भर्खरै मात्र स्वीकृत गरेको सोह्रौं योजना, कर्णाली प्रदेश सरकारले स्वीकृत गरेको दोस्रो पञ्चवर्षीय योजना र यस नगरपालिकाले २०८० सालमा स्वीकृत गरेको पञ्चवर्षीय आवधिक योजना, संघ तथा प्रदेश सरकारका नीति तथा कार्यक्रम, चालु आ.व.का नीति तथा कार्यक्रमहरुको निरन्तरता, स्थानीय सरकार सञ्चालनका लागि भएका नीतिगत व्यवस्थाहरु, नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त नीतिगत मार्गदर्शन, हामीले जनतामाझ गरेका प्रतिवद्धता एवम् चुनावी घोषणापत्र, दीगो विकासका लक्ष्यहरुको स्थानीयकरण र आन्तरिकीकरणका सवालहरु, मानव विकासका समग्र पक्षहरु, नगरपालिकामा क्रियाशिल राजनीतिक दलका प्रतिनीधिहरु तथा स्थानीय बौद्धिक व्यक्तित्वहरुबाट प्राप्त गहन सुझाव र चासोका विषय, आम नगरवासीका चाहना र यहाँका सम्भावनाहरुलाई आधारका रुपमा लिईएको छ । गुर्भाकोट नगरवासी आमाबुवा, दाजुभाइ तथा दिदीबहिनीहरुलाइ पालिकाको तर्फबाट आधारभूत सेवा प्रवाह,

विकास व्यवस्थापन र सुशासन कायम गरी भरोसा/योग्य स्थानीय सरकारको रुपमा स्थापित गर्ने यस नीतिको प्रमुख उद्देश्य हो ।

**सभामा उपस्थित आदरणीय सदस्यज्यूहरु,** अव म आगामी आ. व. २०८२/८३ मा यस गुर्भाकोट नगरपालिकाले सञ्चालन गर्ने नीति तथा कार्यक्रमलाई यस गरिमामय सभा समक्ष प्रस्तुत गर्न चाहन्छु ।

# १. सामाजिक विकास

## स्वास्थ्य सेवातर्फः-

१. सामाजिक तथा मानव विकासको महत्वपूर्ण आधार स्वस्थ नागरिक हुन् । नागरिकलाई शारीरिक, मानसिक ,सामाजिक तथा संबेगात्मक रुपमा सबल र सक्षम बनाई स्वस्थ, समृद्ध, बौद्धिक र सभ्य मानव पुँजी निर्माण गर्न प्रत्येक वडाहरुबाट आधारभूत स्वास्थ्य सेवा प्रवाहलाई गुणस्तरीय र प्रभावकारी रुपमा सञ्चालन गरिनेछ।

२. आयुर्बेद, होमियोप्याथी, प्राकृतिक एवं बैकल्पिक चिकित्सा, मानसिक स्वास्थ्य, नाक कान घाटी, मुख स्वास्थ्य लगायतको निरोधात्मक, प्रवर्द्धनात्मक, उपचारात्मक, प्रशामक एवं पूनर्स्थापना सेवालाई एकीकृत रुपमा सञ्चालन गरिनुका साथै नागरिकहरुको स्वास्थ्यलाई सु-सुचित गर्न दुर सञ्चार स्वास्थ्य सेवा (Telemedicine Service) सञ्चालन गरिनेछ।

३. खोप केन्द्र, गाउँघर क्लिनिक, स्वास्थ्य आमा समूहमा स्वास्थ्य प्रवर्द्धनका लागि जनप्रतिनिधि, स्वास्थ्यकर्मी, म.स्वा.से. र सरोकारवालाहरुको सहकार्यमा समुदायमा आधारित स्वास्थ्यको प्रर्वद्धन कार्यक्रमलाई अझ प्रष्कृत र परिमार्जित गरी सञ्चालन गरिनेछ ।

४. नसर्ने रोग रोकथाम तथा नियन्त्रणका लागि खानपान र जीवनशैली सुधारका कार्यक्रम गरिनुका साथै निदान र उपचार सेवालाई व्यवस्थित गरिनेछ ।

५. सरुवा रोगहरुको रोकथाम तथा नियन्त्रण गर्न परीक्षण, निगरानी, उपचार एवम् प्रेषण सेवा सुनिश्चित गरिनेछ ।

६. स्वास्थ्यकर्मी परिचालन गरि जेष्ठ नागरिक, अपाङ्गता, एकल महिला, सुत्केरी आमा लगाएतहरुको जटिल स्वास्थ्य समस्या भएका व्यक्तिहरुको पहिचान र तथ्याङ्क संकलन गरी घरदैलो स्वास्थ्य सेवा उपलब्ध गराइने छ ।

७. टोल, बस्ती, वडा तथा पालिकामा पोषणमैत्री स्थानीय शासनका प्रक्रियाहरु अवलम्बन गरी सन २०३० (वि.सं. २०८७) सम्म गुर्भाकोट नगरपालिकालाई पोषणमैत्री स्थानीय तह घोषणा गरिनेछ ।

८. मातृ तथा नवजात शिशुको मृत्यु हुन नदिन गर्भवती तथा सुत्केरी आमासंघ उपमेयर कार्यक्रम मार्फत मातृ तथा नवजात शिशु सुरक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।

९. सुनौला १००० दिनका आमाहरु तथा किशोरीहरुको पोषण स्थिती सुधारका लागि पोषण विशेष तथा पोषण संवेदनशिल कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१०.स्वास्थ्य संरचनाहरुलाई लैङ्गिक, जेष्ठ नागरिक, अपाङ्गता तथा किशोर किशोरीमैत्री बनाई पहुँचयुक्त बनाउनुका साथै सो अनुरुप प्रभावकारी सेवाको व्यवस्था मिलाईने छ ।

११.नागरिकहरुलाई आर्थिक अभावका कारणले उपचारबाट वञ्चित हुन नदिन विपन्न नागरिक उपचार कोषलाई निरन्तरता एवं स्वास्थ्य बीमा कार्यक्रमको व्यवस्था गरिनुका साथै अन्य सम्पूर्ण नागरिकहरुलाई समेत स्वास्थ्य बीमामा आबद्ध गराईनुका साथै जटिल स्वास्थ्य समस्या भई शल्यक्रिया गर्दा आवश्यक पर्ने रगतको व्यवस्था निःशुल्क उपलब्ध गराइने छ ।

१२.निजी स्वास्थ्य संस्थालाई नियमन गर्दै सर्वसुलभ, गुणस्तरीय तथा जिम्मेवार बनाउन आवश्यक सहकार्य गरिनेछ ।

१३.विपद तथा महामारी नियन्त्रण र व्यवस्थापनका लागि पालिका तथा वडास्तरमा वहुपक्षीय सहकार्य गरी द्रुत प्रतिकार्य टोली (RRT) गठन गर्ने, तालिम दिइनेछ , आपतकालिन सामग्रीएबम् औषधी स्टक राख्ने र नियन्त्रण तथा व्यवस्थापनका लागि तयारी अवस्थामा राखिने छ ।

१४.स्वास्थ्यका दृष्टिकोणले जोखिममा रहेका महिला बालबालिका, गर्भवती, सुत्केरी, जेष्ठ नागरिक, फरक क्षमता भएका, सिमान्तकृत र लोपोन्मुख बर्गहरु पहिचानगरी विशेष स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन गरिनेछ ।

१५.क्षयरोगमुक्त नेपाल घोषणा अभियान कार्यक्रमलाई सहयोग पुग्ने गरी "क्षयरोगमुक्त गुर्भाकोट नगरपालिका हाम्रो प्रतिबद्धता" भन्ने मुल नाराका साथ पालिकाको सहकार्यमा प्रभावकारी रुपमा कार्यक्रम सञ्चालन गरिनेछ ।

१६.गुर्भाकोट नगरपालिकामा सञ्चालित प्रसुति केन्द्रहरुमा दक्ष जनशक्तिद्धारा प्रसुती सेवा प्रदान गरिनुका साथै जटिलता भएका आमाहरुलाई सुविधा सम्पन्न प्रसुती केन्द्रहरुमा लैजान र जेष्ठ नागरिकहरुलाई लाग्ने एम्बुलेन्स सेवा निःशुल्क उपलब्ध गराइनेछ ।

१७. महिलाहरुको पाठेघरको क्यान्सर एबम् अन्य प्रजनन् रुग्णता न्यूनीकरणका लागि महिनावारी स्वच्छता, स्वास्थ्य संस्थामा HPV /DNA, VIA शिविर तथा सचेतनामुलक कार्यक्रम गरिनुका साथै किशोरीहरुलाई पाठेघरको क्यान्सर विरुद्धको खोप लगाउने व्यवस्था मिलाईनेछ ।

१८.हाल बढ्दै गइरहेको मानसिक स्वास्थ्य समस्याहरुको पहिचान, न्यूनिकरण उपचार तथा व्यवस्थापन गर्न पालिकाको मानसिक स्वास्थ्य तथा मनोसामाजिक रणनीति एवं कार्ययोजना अनुरुप विभिन्न सचेतनात्मक कार्यक्रम र विशेषज्ञ शिविरहरु सञ्चालन गरिनेछ ।

१९.नागरिकको आँखा उपचार सेवा सर्वसुलभ र प्रभावकारी बनाउन नेत्रज्योति संघ, राप्ती आँखा अस्पताल लगायत सरोकारवाला निकायसँग समन्वय गरी आँखा उपचार केन्द्रबाट आँखा अस्पताल स्थापनाका लागि पहल एबम्

विद्यालय र समुदायमा आँखा स्वास्थ्य कार्यक्रम/शिविर सञ्चालन गर्न सामुदायिक आँखा उपचार केन्द्र मेहेलकुनालाई अनुदान सहयोग उपलब्ध गराइनेछ ।

२०.आधारभूत स्वास्थ्य सेवालाई प्रभावकारी तथा गुणस्तरीय बनाउन स्वास्थ्य संस्थामा न्यूनतम सेवा मापदण्ड लागू गरि सो अनुसार आवश्यक जनशक्ति, औजार उपकरण तथा औषधिजन्य सामग्रीहरुको नियमित आपूर्ति ब्यबस्था मिलाईनेछ।

२१.स्वास्थ्य क्षेत्रमा तथ्याङ्कको आधारमा नीति, योजना तर्जुमा एवं बजेट व्यवस्थापन गरी स्वास्थ्यको सूचाङ्कमा सुधार ल्याउन स्वास्थ्य संस्थाहरुको अभिलेख तथा प्रतिवेदन व्यवस्थित र समयानकुल बनाउन विद्युतीय स्वास्थ्य प्रणालीको विकास गरिदै लगिने छ ।

२२.नेपाल सरकार, प्रदेश सरकार एवं गुर्भाकोट नगर सरकारले लिएको स्वास्थ्यहरुको लक्ष हासिल गर्न तथा दिगो विकास लक्ष्य हासिल गर्न अन्तराष्ट्रिय एवं राष्ट्रिय लक्ष्य तथा प्रतिवद्धताहरु पुरा गर्न सरकारी तथा गैर सरकारी संघसंस्था, निजी क्षेत्र एवं सरोकारवाला निकायहरुसंघ समन्वय, सहकार्य र साझेदारी गरिनेछ ।

२३.स्वास्थ्य संस्था र सेवा प्रदायक स्वास्थ्यकर्मीहरुलाई स्वास्थ्य सेवा, आम नागरिक र सेवाग्राही प्रति जवाफदेही एवं उत्तरदायि बनाउन सामाजिक जवाफदेहितामा आधारित सामाजिक परीक्षण कार्यक्रम गरिनेछ ।

२४.आमनागरिकहरुको स्वास्थ्य प्रति जिम्मेवार र उत्तरदायी स्वास्थ्यकर्मीहरुलाई स्थानीय सरकारको श्रोतको आधारमा तथा समुदायमा स्वास्थ्यका सन्देश प्रबाह गर्ने महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविकाहरुलाई कार्यबिधी अनुरुप प्रोत्साहन गरिनेछ ।

२५.हाल उपलब्ध भएका खुला व्यामशालाको प्रभावकारितालाई मध्य नजर गरी आवश्यकताको आधारमा विस्तार गर्दै लगिने छ।

## शिक्षातर्फः-

२६.गुणस्तरीय शिक्षा प्रणालीलाई थप प्रभावकारी बनाउन विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, शिक्षक तथा प्र.अ. लाई थप जिम्मेवार बनाइने छ साथै आवश्यक तालिम प्रदान गरी क्षमता वृद्धि गरिनेछ ।

२७.हाल निर्माण भएको शिक्षा विकास योजनालाई अद्यावधिक गरी थप प्रभावकारी बनाइने छ साथै संघ, प्रदेश तथा सहयोगी संस्थाहरुको सहयोग तथा समन्वयमा कार्यान्वयन गरिदै लगिने छ ।

२८.विद्यालय समायोजन, नक्साङ्कन र विद्यालयको भौतिक सर्वेक्षण द्वारा सेवा प्रभावको क्षेत्र निर्धारण गरिनेछ, विद्यार्थी संख्या न्यून भएका विद्यालयमा बिग स्कुलको अवधारणा अनुसार विद्यालय गाभ्ने

र कक्षा घटाउने नीति लिइनेछ साथै भौगोलिक अवस्थाले विकट क्षेत्रहरुमा विद्यार्थी संख्या न्यून भएका विद्यालयहरुमा वहुपक्षीय कक्षा सञ्चालन गरिनेछ।

२९.वालविकास कक्षालाई स्रोत साधन सम्पन्न बनाई कितावी पठनपाठनबाट बालबालिकालाई मुक्त राखी सिकाइ हुने वातावरण निर्माण गरिनेछ, यसका लागि वालविकास सहजकर्ताहरुको क्षमता विकास गरिनेछ ।

३०.शिक्षण पद्धतीमा सुधार गर्नका लागि कक्षा ५, ८ र १० को सिकाइ उपलब्धी परीक्षण हुने गरी एकीकृत मूल्याङ्क प्रणाली लागूगरिनेछ साथै कक्षा ८ को वार्षिक परीक्षालाई नगरस्तरीय रुपमा सञ्चालन गर्न आवश्यक वजेटको व्यवस्था गरिनेछ।

३१.विद्यालय शिक्षा सवैका लागि अनिवार्य र निःशुल्क रुपमा प्रदान गर्ने साथै लक्षित समूहको भर्ना र निरन्तरतालाई सुनिश्चित गर्ने नीति लिइनेछ ।

३२.माध्यामिक तह सम्म सञ्चालन भएका विद्यालयहरुमा छुट्टै तहगत संयोजकको व्यवस्था गरी शिक्षण सिकाईलाई प्रभावकारिता ल्याउन शि क्षकहरु परिचालन गरिनेछ साथै प्र. अ. नीयुक्ती सम्बन्धी कार्यविधि निर्माण गरी कार्यान्वयन गरिनेछ ।

३३.एक विद्यालय, एक ल्यापटप र एक प्रिन्टरको व्यवस्था गरी शिक्षालाई सूचना प्रविधिसंघ जोडिने नीति अवलम्बन गरिनेछ ।

३४.विद्यार्थीहरुलाई सृजनशील, अनुसन्धानमुखी र समालोचनात्मक सोचको विकास गर्न शिक्षण विधि र मूल्याङ्कण पद्धतिलाई विद्यालयको स्तरीकरण र गुणस्तर मापनको आधार मानिनेछ ।

३५.प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिमको अवसरमा विस्तार गरी तालिमलाई स्थानीय आवश्यकता र श्रम बजारको माग संघ तालमेल हुने गरी सञ्चालन गरिनेछ ।

३६. स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न स्थानीय पहिचान, कला संस्कृती, भूगोल तथा नैतीक शिक्षा समेतलाई समेटर पाठ्य सामग्रीनिर्माण तयारी गरी पुस्तक निर्माण गरिनेछ ।

३७. विद्यालय शिक्षाको गुणस्तर बढाउन प्रधानाध्यापकहरुलाई विद्यालयको शिक्षक-कर्मचारीहरुको मुख्य अनुगमणकर्ता मानी दैनिक कक्षा अवलोकण तथा अनुगमन गरी मासिक प्रतिवेदन नगर शिक्षा

शाखामा बुझाउने गरी जिम्मेवारी बनाउने नीति अवलम्बन गरिनेछ साथै वडा शिक्षा समिति, नगर शिक्षा समिति र शिक्षा शाखाद्वारा विद्यालयहरुको नियमित तथा आकस्मिक अनुगमन गर्ने नीति लिइनेछ ।

३८. सामुदायिक विद्यालयहरुलाई गुणस्तरीय शिक्षा दिइनेछ सवै अभिभावकहरुको विश्वास दिलाउने गरी विकास गर्ने नीति अवलम्बन गरिनेछ ।

३९. सवै विद्यालयमा खेलकुद शिक्षकहरुको क्षमता विकास गरी विद्यालयमा खेलकुद, अतिरिक्त तथा सह क्रियाकलापहरु र योग अभ्यास गराइनेछ यसका लागि थप टेवा पुऱ्याउन प्रत्येक वडामा **एक खेल मैदान'** निर्माण गरी बालबालिकाको सर्वाङ्गिण विकासमा टेवा पुर्याइनेछ ।

४०. अभिभावकविहीन तथा जोखिममा रहेका बालबालिकाको लागि हामी अभिभावक कार्यक्रम मार्फत निःशुल्क आवासीय शिक्षा प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

४१. सामुदायिक सिकाइ केन्द्रलाई सुदृढ गर्दै आजीवन तथा निरन्तर शिक्षा र सिप विकासको केन्द्र बनाउनुका साथै आधारभूत शिक्षा प्राप्त नगरेका विद्यालयबाहिर रहेकाहरुको तथ्याङ्क संकलन गरी वैकल्पिक अनौपचारिक शिक्षा प्रदान गरि आधारभूत तह पुरा गराउने नीति लागूगरिनेछ ।

४२.अभिभावक, शिक्षक र विद्यार्थीहरुको सम्बन्ध विस्तार गर्न उत्प्रेरणामूलक कार्यक्रमहरु सञ्चालन गरी शैक्षिक गुणस्तर विकासमा अभिभावकहरुको जिम्मेवारी बढाउनलाई विद्यालय अभिभावक संवाद कार्यक्रम गरिनेछ ।

४३.हरेक युवा तथा नागरिकहरुको शाररिक तथा मानसिक स्वस्थ रहनका लागि विद्यालयस्तरमा राष्टपति रनिङ्ग शिल्ड, नगरस्तरीय मेयर कप तथा नव वर्ष कप लगाएत प्रत्येक वडामा हुने खेलकुद तथा अन्य खेलकुद कार्यक्रमहरुलाई निरन्तरता दिइनछ साथै हाल रहेका खुला व्यामशालाको प्रभावकारिताको लागि अध्ययन गरी विस्तार गरिदै लैजाने नीति लिइनेछ।

४४.सरकारी कोषबाट तल सुविधा उपभोग गर्ने हरेकले आफ्नो सन्तालाई सार्वजनिक विद्यालयमा नै पढाउन नैतिक दायित्व सिर्जना गरिने नीति लिइनेछ।

४५.विद्यालय व्यवस्थापन क्षमतालाई प्राज्ञिक वातावरण बाउने गरी विकास गरिनेछ साथै सक्षम र जवाफदेही प्रशासनीक तथा प्रागिक नेतृत्वका लागि मापदण्ड निर्धारण गरी खुला प्रतिस्पर्धाबाट प्रधानाध्यापक छनौट गरी प्रागिक परिणामुखीनेतृत्वको व्यवस्था गरिनेछ ।

४६.अनुगमन, मूल्याङ्कण सूपरीवेक्षण, मेन्टरिङ्ग र पृष्ठपोषणका लागि विषय विज्ञको समूह निर्माण र परिचालन, विषयगत शिक्षकको सञ्चालन गरी कार्यथलोमा आधारित शिक्षकको पेशागत विकासलाई निरन्तरता दिइनछ।

४७.महिला, अपाङ्गता भएका व्यक्ति, दलित, जनजाती र सवै खाले विविधता भएका विद्यार्थीका लागि उपयुक्त सिकाईमैत्री वातावरण तयारी गरिनेछ । साथै परिवर्तीत सन्दर्भमा ज्ञान अद्यावधिक गर्न पुस्तकालयको विस्तार, प्रविधिमैत्री पुस्तकालय र विद्युतीय कक्षामा जोड दिइ आजिवन सिकाइ र खुला सिकाइको प्रवर्द्धन गरिनेछ।

४८.संघ, प्रदेश तथा अन्य निकायको सहकार्यमा पठनपाठनको लागि सहज वातावरण निर्माण गर्न भौतिक संरचनाको विकासलाई निरन्तरता दिइनछ।

**<u>महिला बालबालिका तथा सामाजिक समावेशिकरणः-</u>**

४९.दिगो विकास लक्ष्यको “कसैलाई पनि पछाडि नछोडौं" भन्ने सोच कार्यान्वयन गर्न महिला, दलित, आदिवासी जनजाति, गरिब, अपाङ्गता भएका, लोपोन्मुख, बालबालिकाका लागि आयमुलक, सीपमुलक तथा रोजगार मुलक कार्यक्रम संञ्चालन गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

५०.नगरपालिकाको अनाथ, असहाय तथा जोखिममा परेका बालबालिकाका लागि हामी अभिभावक कार्यक्रमलाई निरन्तरता दिइनछ।

५१.“बालविवाहमुक्त हामो नगर, बालमैत्री समृद्ब गुर्भाकोट" भन्ने संकल्पलाई आत्मसात् गर्दै बालविवाह मुक्त नगर कायम गर्न विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिनुको साथै नगर भत्रि विवहा गर्नुपर्दा वडाको सिफारिस अनिवार्य गर्ने नीति लिइनेछ।

५२.नगर क्षेत्रका विद्यमान कुरीतीहरु छुवाछुत, जातीय भेदभाव, बाल विवाह, बहुविवाह तथा दुर्व्यसन र चेलीवेटी वेचविखन न्यूनिकरणका लागि चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

५३.नगरभित्रका नागरिकहरुलाई आ-आफ्नो धार्मिक स्वतन्त्रता मा रही आफ्नो धर्मसँस्कृतिको संरक्षण र अभ्यासको लागि समान व्यवहार गरिनेछ ।

५४.गैर सरकारी संघ संस्थाहरुसँग निरन्तर समन्वय तथा साझेदारीलाई प्राथमिकता दिइनेछ ।

५५.संयुक्त राष्ट संघ सुरक्षा परिषद प्रस्ताव नं. १३२५ र १८२० कार्यान्वयनलाई प्राथमिकता दिइनछ।

५६.उमेर नपुग्दै हुने विवाह र गर्भधारण जस्ता स्वास्थ्यमा नकारात्मक असर पार्ने सामाजिक र सांस्कृतिक कुरीतिलाई न्यूनिकरण गर्ने लक्षित कार्यक्रम प्राथमिकताका साथ सञ्चालन गरिनेछ ।

५७.उद्यमशीलताको माध्यमबाट पिछडिएका तथा विपन्न महिलाको आर्थिक सशक्तिकरण गर्नको लागि जिविकोपार्जन कार्यक्रम सञ्चालन गरिनेछ ।

५८. महिला, बालबालिका तथा वृद्ध अवस्थाका जीवन संकटमा रहेका पालिकाभित्रका नागरिकको भरणपोषण र बसोबासमा लागि सामाजिक सुरक्षा ईकाइ गठन गरिनेछ ।

## भाषा, साहित्य कला संस्कृती, सूचना, सञ्चार र प्रविधिः-

६०.सबै पालिकास्तरीय सेवाहरुलाई क्रमशः डिजिटल माध्यमबाट उपलब्ध गराउने नीति लिइनेछ।

६१.सेवा प्रवाह, सूचना तथा जानकारी वितरणमा आधिकारिक सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्दै लगिनेछ ।

६२.स्थानीय सञ्चार माध्यमको विकास र नियमनका लागि आवश्यक नीतिगत व्यवस्था गरिनेछ ।

६३.लोककल्याणकारी विज्ञापन प्रकाशन गर्दा स्थानीय सञ्चार माध्यमलाई प्राथमिकता दिइनेछ ।

६४.जनप्रतिनिधि र कर्मचारीहरुलाई सूचना प्रविधिमैत्री बनाउन तालिम तथा अभिमुखिकरण कार्यक्रमहरु सञ्चालन गरिनेछ

६५.आम सञ्चार क्षेत्रलाई निष्पक्ष, तटस्थ जिम्मेवार तथा व्यावसायिक बनाउन आवश्यक पहल गरिनेछ । सामाजिक सञ्जालको गलत प्रयोगलाई नियमन र नियन्त्रण गरिनेछ ।

६६.स्थानीय सञ्चार माध्यमलाई सुशासन, पारदर्शिता, पर्यटन प्रवर्द्धन र पालिकाको नीति कार्यक्रमको प्रभाव र असरको प्रशारण गर्ने संयन्त्रको रुपमा विकास गरिनेछ ।

६७.विपद् वा संकटको समयमा स्थानीय मिडियाको प्रयोग गरेर सूचना तीव्र रूपमा सम्प्रेषण गर्ने नीति लिइनेछ।

६८.गलत सूचना,अफवाह र विद्वेषपूर्ण सामग्री नियन्त्रण गर्न आचारसंहिता तथा निगरानी संयन्त्र निर्माण गर्ने नीति लिइनुको साथै स्थानीय मिडिया स्वतन्त्र रूपले काम गर्न पाउने व्यवस्था सुनिश्चित गर्ने नीति लिइनेछ ।

# २. आर्थिक विकास

## उद्योग तथा व्यवसाय प्रवर्धनः-

६९. उपप्रमुख उद्यमशीलता विकास तथा युवा स्वरोजगार कार्यक्रम मार्फत स्थानीय तथा स्वदेशी कच्चा पदार्थको उपयोग गरी सञ्चालन हुने स्थानीय माग र आवश्यकतामा आधारित सीप विकास तालीमलाई प्राथमिकता र निरन्तरता दिईने छ ।

७०. स्थानीय रुपमा उद्यमशिलताको सम्भावना रहेको घरबास, कृषि, पशु, पर्यटन, सस्कृति र परम्परालाई व्यवस्थित गरी सामुदायिक घरबास उद्योगको रुपमा विकास विस्तार गरी उद्यमशिलताको प्रर्वद्धन गर्ने ।

७१.दीर्घकालीन आयआर्जनमा सहयोग पुग्ने युवा-महिला उद्यमशिलतामा जोड दिन संघ र प्रदेश सरकार संघ समन्वय गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

७२.दर्ता प्रक्रिया आबद्ध नभएका उद्योग-व्यापारलाई दर्ता प्रकृयामा ल्याउन अभिमुखिकरण तथा सहजिकरण गर्ने ।

७३. विगतमा सञ्चालन गरिरहेको नयाँ उद्यमीहरुका लागि उपयुक्त प्रविधि हस्तान्तरण कार्यक्रमलाई निरन्तरता दिई त्यसको प्रभावकारिता अभिवृद्धि गर्ने ।

७४. स्थानीय उद्यमीका उत्पादनलाई एकीकृत गरी बजारिकरण र निर्यात प्रर्वद्धन गर्न संघ र प्रदेश संघ समन्वय गरी औद्योगिक ग्रामको व्यवस्था गर्ने ।

७५.स्थानीय उत्पादनलाई प्रर्दशनी, कोसेली गृह सञ्चालन, मेला-महोत्सव, स्टल, उद्यम सम्मेलन मार्फत प्रचारप्रसार र बजारिकरण गर्ने ।

७६. स्थानीय व्यापार, व्यवसायलाई कानून सम्वद्ध, अनुशासित, मर्यादित र जिम्मेवार बनाउन बजार अनुगमनलाई निरन्तर र प्रभावकारिता अभिवृद्धिमा जोड दिइनेछ ।

७७.विभिन्न सीपमा दक्ष व्यक्तिहरुको प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद (CTEVT) तथा सामाजिक विकास मन्त्रालय कर्णाली प्रदेशको सहकार्यमा सीप परीक्षण गरी प्रमाणपत्र दिइनेछ व्यवस्था गरिनेछ ।

७८. नगरपालिकाद्वारा विभिन्न क्षेत्रमा तालिम सिकाइएका व्यवसाय तथा बेरोजगार रहेका जनशक्तिको आवश्यकतालाई पहिचाना गरी थप तालिम दिइनछ। साथै व्यवसाय स्थापनाका लागि आवश्यक सहयोगको व्यवस्था मिलाईने छ।

## कृषि तथा पशुपालनः-

६८. कृषि जन्य उत्पादन वृद्धि एवं उत्पादन क्षेत्रको पहिचान गर्न "कृषक समूह सहकारी कृषि फर्म र व्यक्तिको साझेदारीमा" तरकारी, खाद्यान्न, फलफूल, च्याउ, आलु जस्ता वालीहरुमा पकेट विकास कार्यक्रम लागूगरिनेछ । पकेट क्षेत्र सञ्चालन गर्दा कृषकहरुलाई प्रोत्साहन गर्न लागत अनुमानको **५० देखि ८५** प्रतिशत सम्म संघ प्रदेश तथा स्थानिय सरकार र अन्य संघ-संस्थाको साझेदारीमा लगानी गरिने नीति लिइनेछ।

६९.रासायानिक विषादयुक्त खानाले मानव स्वास्थ्यमा पार्ने नकारात्मक प्रभावलाई कम गर्न जैविक खेती पद्धतिको विकासका लागि जैविक मल र जैविक विषादीलाई प्रोत्साहन गर्ने नीति अवलम्वन गरिनेछ ।

७०.वास्तविक कृषि तथा पशुपंछी पालकहरुको, कृषकहरुको तथ्याङ्क अद्यावधिक गरी उत्पादन लागत न्यूनिकरण गर्न  कृषकको माग वमोजिमका कृषियन्त्रहरुमा ५० प्रतिशत देखि ८५ प्रतिशत सम्म अनुदान दिइनेछ नीति अवलम्बन गरिनेछ ।

७१.किसानले उत्पादन गरेका कृषि जन्य उत्पादन भण्डारण गर्न भण्डारण गृह तथा खाद्यान्न तथा तरकारीको वीउमा आत्मनिर्भर हुन वीउ उत्पादक सहकारीहरुलाई संघ, प्रदेश र स्थानिय सरकार र अन्य संघ संस्थाको साझेदारीमा आवश्यक कार्यक्रमहरुको व्यवस्था मिलाउने नीति लिइने छ।

७२.पोषण सुरक्षाको लागि एक घर एक करेसाबारी कार्यक्रम सञ्चालन गर्न निःशुल्क तरकारीको बीउहरु वितरण गर्ने नीति अवलम्वन गरिनेछ ।

७३.बाझो तथा सुख्खा जमिनको उपयोग गरि कृषि उत्पादनमा आत्मनिर्भर हुन विभिन्न साझेदार निकायहरु संघ समन्वय गरि फलफूल खेती विस्तार तथा राष्ट्रिय फल सुन्तला विषेश कार्यक्रम सन्चालन गर्ने नीति अबलम्वन गरिनेछ ।

७४.संघ प्रदेश गैरसरकारीसंस्था तथा कृषक समूह सहकारीको लागत साझेदारीमा कृषिमा लगानी मैत्री वातावरण स्थापना गरी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

७५.कृषक समूहका लागि सिचाई कुलो तथा , प्लाष्टिक पोखरी, टनेल, गोठ सुधार, व्यवसाय पशुपंक्षीपालन तथा फलफुलका वोट/विरुवा वितरण कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

७६.कृषि जन्य उत्पादनको ढुवानी लागत कम गर्न, उत्पादनलाई सुरक्षित बजारिकरण गर्नका साथै उचित मुल्य प्राप्तिका लागि सहकारीको साझेदारीमा कृषि ढुवानी साधनको व्यवस्था गरिनेछ ।

७७.पशुपन्छीहरुको लागि आवश्यक पूर्वाधारहरुमा लगानी बढाउने  यसको लागि निजी, तथा साझेदार निकायहरुको सहकार्यमा जोड दिइनेछ  (सिंचाई, सडक, बजार, भण्डारण दूध प्रशोधन केन्द्र सञ्चालन, गोठ खोर सुधार आदि) जस्ता कार्यक्रम सञ्चालन गरिनेछ ।

७८.कृषक, समूह तथा व्यवसायिक  फर्महरुलाई व्यवसायिक योजनाको आधारमा प्रतिस्पर्धा गराई अनुदान दिइनेछ  नीति लिइनेछसाथै दुध उत्पादनमा प्रति लिटर २ रुपैयाँ अनुदान दिइनेछ  व्यवस्था मिलाईनेछ ।

७९.कृषिको उत्पादन र उत्पादकत्व वृद्धि गर्न उन्नत वीउ, विरुवा र नस्लको उत्पादन तथा प्रयोगमा पहुँच वृद्धि गरिनेछ ।

८०.पशु रोग नियन्त्रणको लागि आवश्यक खोपको व्यवस्था साथै महामहारीजन्य प्रकोप नियणन्त्रका लागि आवश्यक संयन्त्रण निर्माण गरिनेछ ।

८१.पशु बीमा कार्यक्रमलाई अझ प्रभावकारी रुपमा वृद्धि गर्न प्रचार प्रसारको व्यवस्था मिलाईने छ ।

## राजश्वः-

८२.राजश्व सुधार कार्ययोजना कार्यान्वयन गरिनेछ । सरोकारवाला जनप्रतिनिधि व्यवसायी तथा कर्मचारीहरुलाई राजश्व परिचालन बारेमा अभिमुखिकरण कार्यक्रम सञ्चालन गरी राजश्वको दायरामा विस्तारगरिनेछ ।

८३.सञ्चार माध्यमबाट सचेतनामूलक सूचनाहरु सम्प्रेषण गरी करदाता शिक्षा प्रदान गरिनेछ ।

८४.कर सप्ताह कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

८५.नेपाल सरकारबाट मान्यता प्राप्त सूत्र प्रणाली (राश्व मोड्युल) सफ्टवयरमा राजश्व संकलन र दाखिला सम्बन्धी कार्य गर्दा सहजीकरणका लागि समय समयमा क्षमता विकास तालिम प्रदान गरिनेछ ।

८६.स्थानीय व्यवसायीले व्यवसाय करमा आबद्ध भए नभएको र नविकरण गरे नगरेको जाँच गर्न समय-समयमा बजार अनुगमन गरिनेछ ।

८७.व्यवसायीले व्यवसाय गरे पश्चात व्यवसाय दर्ता गरी नियमित व्यवसाय कर तिर्न प्रोत्साहित गर्ने नीति अवलम्बन गरिनेछ

८८.“मैले तिरेको कर मेरै लागि” भन्ने नारालाई व्यवहारमा उतार्न गर्न स्थानीय मार्फत संकलन भएको करको खर्च हुने क्षेत्र एकिन गरी करदातालाई जानकारी गराइनेछ ।

८९.समयसीमा भित्र नियमित कर बुझाउने उतकृष्ट करदातालाई सम्मान गरिनेछ ।

## सहकारीः-

९०.नगरपालिकाको कार्यक्षेत्र भित्र रहेका सहकारी संस्थाको प्रर्वद्धन र वित्तिय सुशासनलाई प्रभावकारी बनाउनका लागि संयन्त्र निर्माण गरी मर्यादित सहकारी निर्माणका लागि अनुगमन तथा नियमन गरिनेछ । भने उत्कृष्ट सहकारीलाई पुरस्कृत गरीनेछ ।

९१.सहकारी संस्थालाई स्थानीय उत्पादन, प्रशोधन तथा बजारिकरण तर्फ उन्मुख गराउन आवश्यक नीति अवलम्बन गरिनेछ ।

९२.हामी सुधार्छौं हाम्रो सहकारी भन्ने विशेष अभियान मार्फत सहकारीकर्मीहरुलाई सामेल गराई सहकारी प्रतिको गुम्दो जनविश्वालाई रोक्दै समृद्ध, समुन्नत सहकारी निर्माणको वातावरण निर्माण गरीनेछ ।

९३.सहकारी विभाग, प्रदेश सहकारी रजिष्टार कार्यालय, जिल्ला सहकारी संघ, विभिन्न संघ संस्थाहरुको साझेदारीमा सहकारी व्यवस्थापन, सहकारी लेखा, CoPMIS, सहकारी शिक्षा जस्ता तालिम गोष्ठीहरु सञ्चालन गरी सहकारीहरुको क्षमता अभिवृद्धि गर्दै लगिनेछ ।

९४.हरेक वडामा एकै प्रकृतिका एक भन्दा बढी सहकारी संस्था रहेमा कानून बमोजिम मर्जरको नीति अवलम्बन गरिनेछ । तथा निष्क्रिय सहकारीहरुको पहिचान गरी कानून बमोजिम खारेजिको प्रक्रिया अगाडी बढाइनेछ ।

९५.सहकारी संस्थाहरुलाई सहकारी मुल्य, मान्यता र सिद्धान्त अनुसार संचालित हुन र स्वनियम तथा सदस्य केन्द्रित भई कारोवार गर्न जोड दिईनेछ । राष्ट्रिय कार्यक्षेत्र तथा प्रदेश अन्तर्गत भएका सहकारी संस्थालाई नगरपालिका कार्यक्षेत्रभित्र सञ्चालन हुने सहकारीलाई प्रोत्साहन गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

९६.सवै सहकारी संस्थाहरुलाई सहकारी तथा गरिबी निवारण व्यवस्थापन प्रणालीको वारेमा जानकारी गराइ CoPMIS मा आवद्ध गराइनेछ ।

९७.समाज रुपान्तरण तथा आर्थिक विकासमा थप टेवा पुऱ्याउने विभिन्न कार्यक्रमहरु सञ्चालन गर्न प्रेरित गरिनेछ ।

९८.उद्देश्य परक क्षेत्र देखि बाहिर गई कार्य गर्ने सहकारीलाई सजग गराई निर्धारण गरिएको उद्देश्य भित्र रहेर काम गर्नका लागि नियमन गरिनेछ ।

## पर्यटनः

९९.पर्यटन क्षेत्रलाई क्षेत्रगत विकासको अवधारणा अर्न्तगत विकास र विस्तार गरिनेछ साथै नयाँ पर्यटन क्षेत्रहरुको सम्भावनालाई पहिचान गरी अभिलेखिकरण, सुदृढीकरण तथा प्रचारप्रसार गरिनेछ ।

१००.भेरी नदीमा राफ्टिङ सेवा, जल यातायात, होम स्टे सेवा, भोटेचुली लगायतका क्षेत्रबाट सम्भाव्यता अध्ययन गरिनेछ साथै खटाङ्ग, खैरेनी, मालारानी गुफा, चमेरे गुफा, राम्रीकाँडा दह, दुरविन डाँडा, जुरीचुला, कोट, भोटेचुली, मदाइनी चौर, खारखोला झरना र झालेपर लगायतका पर्यटकीय क्षेत्रहरुको विकास र विस्तारका साथै गुमी सैयाँताल सिमसार क्षेत्रको संरक्षणको लागि आवश्यक अध्ययन गरिनेछ ।

## भुमी व्यवस्थापन,वस्ति तथा शहरी विकासः-

१०१.गुर्भाकोट नगरपालिकाभित्र भूमिको समुचित उपयोग सुनिश्चित गर्न भूमीको क्षमता, उपयुक्तता र आवश्यकताको आधारमा तयार भएको भू-उपयोग योजनाको कार्यान्वयन गरिनेछ ।

१०२.भौगोलिक रुपमा विकट, विकासको लागि बाधक, अनुपयुक्त र विपद्को उच्च जोखिमयुक्त स्थानमा भू-भागलाई श्रेणीगत तहमा विभाजन गरी अति जोखिम क्षेत्रमा रहेका बस्तीहरु स्थानान्तरण गर्न नजिकको सुरक्षित बस्ती पहिचान तथा विकास गरी एकीकृत बस्ती विकासको लागि आवश्यक अध्ययन र छलफल गरिनेछ

१०३.गुर्भाकोट नगरपालिकालाई आधुनिक, वैज्ञानिक, व्यवस्थित र जीवन्त सहर को रुपमा विकास गर्न तहगत सरकारका निकायसँग समन्वय, सहकार्य गरी रणनीतिक कार्यक्रम सञ्चालन गर्न पहल गरिनेछ ।

१०४.विद्यमान बजारक्षेत्रको वातावरणीय सुधारका लागि सामाजिक, भौतिक र आर्थिक पूर्वाधारको व्यवस्था गरिनेछ ।

१०५.शहरी क्षेत्रमा यातायात, शहरी सडक, खानेपानी, ढल, आवास, उद्यान, खुला हरित क्षेत्र, बजारक्षेत्र, बसपार्क लगायतका एकीकृत शहरी पूर्वाधारको अवधारणा बमोजिम योजना तर्जुमा, निर्माण तथा आवश्यकताका आधारमा सङ्घीय र प्रादेशिक सरकारका विषयगत निकायहरुसँग आवश्यक समन्वय र सहकार्य गरिनेछ ।

१०६.भूमि सम्बन्धी समस्या समाधान आयोगको समन्वय तथा वडा सहजिकरण समितिको सहकार्यमा १४ वटै वडामा जग्गा धनी लालपूर्जा वितरण अभियानलाई निरन्तरता दिइनछ।

## विधुत एवम् वैकल्पिक ऊर्जाः-

१०७.पेट्रोलियम पदार्थको खपत घटाउन एवम् विद्युतको खपतलाई प्रोत्साहन गर्न १ घर १ विधुतीय चुलो वितरण कार्यलाई निरन्तरता दिइनेछ ।

१०८.वातावरण संरक्षणको संवर्द्धनका लागि बैकल्पिक ऊर्जाको प्रयोगलाई प्रोत्साहन गरिनेछ ।

१०९.विधुतीय सवारी साधन प्रयोगलाई प्रोत्साहन गर्न विधुतीय चार्जिङ स्टेशन निर्माणको लागि आवश्यक अध्ययन गरिनेछ ।

# ३.पूर्वाधार विकासः-

## भौतिक पूर्वाधारः-

११०.जलउत्पन्न विपदबाट मानवबस्ती, खेतीयोग्य जमिन, मौजुदा भौतिक पूर्वाधारको संरक्षण गर्नुका साथै यस प्रकारका विपद्हरुको न्यूनिकरण गर्न पिटौली तथा खटनपटन कार्यलाई निरन्तरता दिइने छ।

१११.योजना छनौट तथा निर्माण गर्दा गुणस्तरका अलावा समय, लागत र दूरीघटाउने एवम् आर्थिक लाभलाई बढोत्तरी दिइनेछ  क्षेत्रमा प्राथमिकता दिइनेछ

११२.तथ्य र प्रमाणमा आधारित नीति तथा योजना तर्जुमा प्रक्रियालाई सुदृढिकरण गर्ने, स्थानीय स्तरमा उपलब्ध स्रोत तथा परम्परागत सीप र ज्ञानलाईउपयोग गर्ने नीति लिँदै ज्ञानको पुस्तारण तथा स्तरोन्नति हुने गरी बौद्धिक सम्पत्तीको संरक्षण गरिनेछ ।

११३.कर्मचारी क्षमतावृद्धि तथा प्रविधिमैत्रीका लागि आवश्यक तालिमको व्यवस्था गरिनेछ ।

११४.भवन निर्माण तथा नक्सापास प्रक्रियालाई थप व्यवस्थित गर्न भवन मापदण्ड तथा कार्यविधि निर्माण गरी अनिवार्य लागू गरिनेछ ।

११५.भूकम्प प्रतिरोधी भवन निर्माण सम्बन्धी जनचेतनामूलक कार्यक्रम तथा श्रमिकको क्षमता विकास तालिमको व्यवस्था गरिनेछ ।

११६. यस नगरपालिकाबाट सम्पादन हुने निर्माणका कामहरुलाई गुणस्तरीय बनाउनका लागि  प्रयोगशाखाला सामग्री तथा उपकरण खरिद गरिनेछ साथै प्राविधिकहरुलाई समेत तालिम दिइ थप क्षमतावान बनाईनेछ ।

११७. सडक सञ्जाललाई थप व्यवस्थित गर्न सडक गुरुयोजना (MTMP) लागू गरिनेछ

११८. पूर्वाधार निर्माण गर्दा लैङ्गिक संवेदनशील, बालमैत्री, ज्येष्ठ नागरिकमैत्री तथा अपाङ्गमैत्री निर्माणलाई अनिवार्य गरिनेछ ।

११९. परम्परागत पानीका स्रोतबाट सिँचाईको सम्भावना नभएका सीमान्तकृत कृषियोग्य क्षेत्रहरुमा पानी सञ्चय पोखरी, तालाउ निर्माण र अन्य बैकल्पिक माध्यमबाट सिँचाई सुविधा विस्तार गरिनेछ ।

१२०. पहिरो नियन्त्रणको लागि Bio engineering प्रयोगमा जोड दिइनेछ ।

१२१. नगरभित्रका कृषि तथा ग्रामीण सडकलाई स्तरोन्नति गरिनेछ ।

१२२. सडक/बाटो निर्माण जस्ता हेभि मेसिनरी उपकरण प्रयोग हुने कामहरु उपभोक्ता समितिबाट गर्न निरुत्साहित गरिनेछ ।

## नापीतर्फः-

१२३. सार्वजनिक जग्गाको संरक्षण तथा अभिलेखिकरण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१२४.  वडाहरुको स्रोत नक्सा Resource Map तयार गरिनेछ

१२५. भू-उपयोग योजनाका कार्यान्वयनका लागि प्राविधिकको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ ।

**खानेपानी तथा सरसफाईः**

१२६.पालिकाका सबै बासिन्दासम्म स्वच्छ खानेपानीको पहुँच पुऱ्याउन १ घर १ धाराको सरकारी तथा गैरसरकारी लगानी विस्तार गरिनेछ साथै सूचारु उपभोगका लागि आवश्यक योजना बनाइ कार्यान्वयन गरिनेछ। ।

१२७.खानेपानीका परम्परागत स्रोतहरुको पहिचान, संरक्षण तथा दिगो उपयोग गर्न आवश्यक व्यवस्था मिलाईनेछ ।

१२८.भूमिगत जलस्रोत पुनर्भरण गरी प्राकृतिक जलचक्रलाई जोगाई राख्न सुनदह, राम्रीकाँडा दह जस्ता पोखरीको संरक्षण गरिनेछ

## ४.वन, वातावरण तथा विपद् व्यवस्थापन

**वनः-**

१२९.सामुदायिक वनको व्यवस्थापनका अतिरिक्त सामुदायिक वनबाट पाउनु पर्ने राजस्व संकलनलाई कार्यान्वयन गरिनेछ ।

१३०. वन तथा वातावरण संरक्षणमा समुदायको सक्रिय सहभागिता वृद्धि गरी वृक्षारोपण तथा आगलागी नियन्त्रणका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

१३१. सामुदायिक वन समितिको अभिलेखिकरण गरी एकीकृत सामुदायिक वन विकास कार्यक्रम मार्फत लाभग्राही समुदायको गरिवी निवारणका लागि आवश्यक कार्यक्रम तर्जुमा गरी लागू गरिनेछ।

१३२.नगरपालिका क्षेत्रभित्र जडिबुटिजन्य  बोटबिरुवाको सामुदायिक वन उपभोक्तासँगको सहकार्यमा वृक्षारोपण गर्ने नीति लिईनेछ

**वातावरणः-**

१३३.पूर्वाधार निर्माण गर्दा जल, जमिन र वन जंगल लगायतका प्राकृतिक स्रोतलाई हानी नोक्सानी नपुग्ने गरी उपयोग र संरक्षण गर्दै दिगो, उत्थानशिल, वातावरणमैत्री र समावेशी बनाउन जोड दिइनेछ ।

१३४.विकास र वातावरण वीच सन्तुलित सम्बन्ध कायम गर्दै पारिस्थितिक पद्धतिको संरक्षण गरिनेछ ।

१३५.वातावरणमैत्री नगरपालिका घोषणा गर्नका लागि आवश्यक कार्यक्रम तर्जुमा गरी लागू गरिनेछ ।

**विपद् व्यवस्थापनः-**

१३६.विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि आवश्यक पूर्वतयारी, खोज, उद्धार तथा राहत र पुनर्स्थापनाका कार्यहरु निर्माण र पूनर्ताजगी कार्यक्रमलाई निरन्तरता दिंदै थप प्रभावकारी बनाईनेछ

१३७.विपद्को क्षेत्रमा काम गर्ने संस्थाहरुको समन्वय तथा सहकार्यमा नगरपालिकाको विपद् जोखिम क्षेत्रको भौगर्भिक अध्ययन गरी जोखिम क्षेत्रको पहिचान, खोज, उद्धार तथा राहत र पुनर्स्थापना सम्बन्धी कार्यमा प्रत्येक समुदाय, वडा, नगरपालिका तथा सार्वजनिक निजी तथा सामुदायिक क्षेत्रसंघको सहकार्यमा जोखिम न्यूनीकरणका क्रियाकलाप सञ्चालन गरीनेछ ।

१३८.जल, तथा मौसम विज्ञान विभाग लगायतका निकायसँग समन्वय, सहकार्य गर्दै पूर्वसूचना प्रणाली, मौसम पूर्वानुमानमा आधारित पूर्वतयारी लगायतका क्रियाकलापमा स्थानीय समुदाय तथा आम समुदायमा सचेतनामुलक क्रियाकलाप सञ्चालन गरी क्षमता अभिवृद्धि गरीनेछ ।

१३९.कृषकलाई जलवायु तथा मौसम सम्वन्धि पूर्वसूचना दिनको निम्ति जल तथा मौसम विज्ञान विभाग, नेपाल कृषि अनुसन्धान परिषद तथा विभिन्न साझेदार निकायको समन्वयमा कृषि मौसम सल्लाह प्रदान गर्ने व्यवस्था मिलाईनेछ ।

१४०.नगरपालिकामा गरिने विकास निर्माणका क्रियाकलापमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनलाई मूलप्रवाहिकरण तथा विधालयमा विपद् जोखिम न्यूनीकरणका क्रियाकलाप सञ्चालन गरिनेछ ।

१४१.स्थानीय पाठ्यक्रममा विपद् व्यवस्थापन तथा जलवायू परिवर्तनका विषयवस्तु समावेश गरीनेछ तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन, जलवायु परिवर्तन अनुकुलन सम्बन्धी सचेतना मुलक क्रियाकलाप सञ्चालन गरीने छ र उक्त कार्यक्रमलाई निरन्तरता दिइनछ।

१४२. नगरपालिकाको योजना प्रक्रियामा वातावरण संरक्षण, आधारभूत स्वास्थ्य तथा सरसफाई, फोहरमैला व्यवस्थापन, जैविक विविधताको संरक्षण, जलवायु परिवर्तन अनुकूलन र विपद् व्यवस्थापन सम्बन्धी विषयहरुलाई मूलप्रवाहीकरण र स्थानीयकरण गरिनेछ ।

१४३. यस नगरपालिकाको आपतकालिन कार्य सञ्चालन केन्द्रलाई थप व्यवस्थित र स्तरोन्नतिका लागि आवश्यक सामग्रीखरिद गरिनेछ ।

**फोहोरमैला व्यवस्थापनः-**

१४४.फोहोरमैलाको दीगो व्यवस्थापनका लागि नविनतम प्रविधिको उपयोगलाई प्राथमिकता दिइनेछ ।

१४५.फोहोरलाई आयको स्रोतको रुपमा परिचालन गर्न आवश्यक अध्ययन गरिनेछ ।

१४६.फोहोरमैला व्यवस्थापनमा नागरिक र स्थानीय सरकारबीच सहकार्य गरिनेछ ।

१४७.फोहोरमैला व्यवस्थापनमा निजी तथा सामुदायिक संस्थाहरुको सहभागितालाई प्रोत्साहन गरिनेछ ।

१४८.घरायसी फोहोरलाई घरमै कुहिने र नकुहिने फोहरको रुपमा वर्गिकरण गरी कुहिने फोहोरको जैविक उपयोग र नकुहिने फोहोरको उचित व्यवस्थापनको नीति लिईनेछ । कुहिने फोहोर घर करेसाबारीमा उपयोगको लागि प्रवर्द्धनात्मक नीति लिईनेछ ।

# ५.सुशासन तथा सार्वजनिक सेवा प्रवाह

**सामाजिक सुरक्षाः-**

१४९.घटनादर्ता अभियान वडा स्तरमा सञ्चालन गरिनेछ ।

१५०.जन्म, मृत्यु वसाँइसराई सम्बन्ध विच्छेद विवाह जस्ता र सामाजिक सुरक्षा सम्बन्धी वडा सचिव तथा जस्तरमा कानूनी जटिलताका विषयमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

१५१.सामाजिक सुरक्षा वितरणलाई थप प्रभावकारी बनाउन बैंक, जनप्रतिनिधि र वडा सचिव संघ समन्वय बैठक त्रैमासिक रुपमा सञ्चालन गरिनेछ ।

१५२.सामाजिक सुरक्षालाई थप प्रभावकारी बनाउन Biometric Device तथा IRIS Device खरिद गरी सञ्चालनमा ल्याइनेछ

१५३.पूर्ण घटनादर्ता पालिका घोषणा गर्ने आवश्यक व्यवस्था मिलाईने छ।

**सार्वजनिक सेवा प्रवाहः-**

१५४.स्थानीय करको दायरा विस्तार गरिनेछ । वडा स्तरबाट संकलन हुने राजस्व यथाशक्य छिटो बैङ्क दाखिला गर्न अनिवार्य गरिनेछ ।

१५५.पालिकाबाट प्रवाह हुने सेवालाई जनमुखी,पारदर्शी र जवाफदेही रुपमा सञ्चालन गरिनेछ । विचारमा विविधता, विकास र सेवाप्रवाहमा एकताको मान्यतालाई आत्मसाथ गर्दै नगर क्षेत्रका विकासका गतिविधिलाई सरोकारवालाको सक्रिय सहभागितामा अघि बढाईनेछ ।

१५६.टोल तथा वस्तिमा गठित टोल विकास संस्थाहरुलाई नगरपालिकाको अभिन्न इकाईको रुपमा स्वीकार गर्दै विभिन्न विकास तथा सचेतना कार्यक्रम सञ्चालन गरिनेछ । टोल विकास संस्थाहरु थप गठन तथा संस्थागत क्षमता विकास गरिनेछ ।

१५७.योजनाको संख्यात्मक तथा गुणात्मक पक्षलाई सुनिश्चित गर्न नतिजामा आधारित अनुगमन प्रणालीलाई निरन्तरता दिईनेछ । आर्थिक वर्षको शुरुवात देखि नै योजना कार्यान्वयनको कार्ययोजना सुनिश्चत गरी सबै आयोजना र कार्यक्रम यथासमयमा सम्पन्न हुने आधार तय गरिनेछ ।

१५८.सार्वजनिक सुनुवाई तथा सामाजिक परिक्षणलाई अनिवार्य प्रक्रिया रुपमा अवलम्वन गरिनेछ ।

१५९.कर्मचारीलाई आर्थिक वर्षको शुरुमै जिम्मेवारी तोकी कार्यविवरण लागूगरिनेछ । कार्यविवरणका आधारमा कार्यसम्पादन सम्झौता गरी नतिजाप्रति उत्तरदायी बनाईनेछ ।

१६०.आर्थिक अनुशासन कायम गराउने तर्फ थप जोड दिईनेछ । वेरुजु सम्परिक्षण तथा फछ्र्यौट गर्ने कार्यलाई निरन्तरता दिइनेछ। सोको लागि बेरुजु फछ्र्यौट अधिकारी नियुक्ति गरिनेछ ।

१६१.पालिकास्तरमा सुरक्षा र अमनचयनलाई प्रभावकारी बनाई समाजमा हुनसक्ने सामाजिक घटनाको शिघ्र सम्बोधन गर्न नगरपालिका क्षेत्रभित्र रहेका प्रहरी चौकी तथा प्रहरी बिटलाई आवश्यक स्रोतसाधन र पूर्वाधारमा सहयोग गर्ने नीति लिईनेछ ।

१६२.नगरपालिकाबाट वितरण हुने सेवा र सूचनालाई सूचना प्रविधिसँग आवद्ध गर्दै सुशासन स्थापनाको लागि महत्वपूर्ण आधारको रुपमा विकास गरिनेछ ।

१६३. पालिकाहरुको असल अभ्यास आदान प्रदान तथा समन्वयका लागि आवश्यक व्यवस्था मिलाईनेछ ।

१६४. आम नागरिक तथा समुदायस्तरसम्म सार्वजनिक सरोकारको विषयमा समालोचनात्मक चेतका साथै सकारात्मक सोच विकासका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

१६५. नगरपालिकामा न्यून पारिश्रमिक भएका करार सेवामा कार्यरत कर्मचारीहरुको तलव वृद्धि गरिनेछ ।

## जिन्सीः-

१६६.कार्यालयले खरिद गर्ने वस्तु तथा सेवाहरु प्रचलित ऐन तथा नियमावलीको अधिनमा रही पारदर्शी, स्वस्थ एवम् खुला प्रतिस्पर्धाको आधारमा सम्पादन गर्ने नीति लिइनेछ ।

१६७.कार्यालयका चल अचल सम्पत्ति तथा मौज्दात रहेका जिन्सी सामग्रीहरुको अभिलेख चुस्त दुरुस्त रुपमा बैज्ञानिक तवरले सुरक्षित साथ राखिने नीति लिइनेछ ।

१६८.सम्पूर्ण कर्मचारीहरुलाई PAMS V2 प्रणालीमा आवद्ध गराई जिन्सी सामानहरुको माग, दाखिला एवम् निकासा अनलाइन प्रणाली मार्फत गरिने नीति लिइनेछ

१६९.कार्यालयको सम्पत्तिको रुपमा बाँधिएका चल तथा अचल सम्पत्तिको संरक्षण तथा सुरक्षाको उचित व्यवस्था मिलाइने नीति लिइनेछ

१७०.वार्षिक खरीद योजना निर्माण गरी खरीद कार्यलाई प्रभावकारी तथा पारदर्शि गरिनेछ ।

## न्यायिक क्षेत्रः-

१७१.विद्यमान कानूनी व्यवस्थाका बारे समुदाय स्तरमा प्रशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।

१७२.न्यायिक समितिको सेवालाई विश्वसनीय बनाउन नागरिक वीच अन्तरक्रिया र छिटो छरितो न्याय सम्पादनका लागि प्रविधिमा आधारित प्रणालीको विकास गरिनेछ ।

१७३.पहुँच विहिन, गरिव तथा विपन्नहरुलाई न्यायिक पहुँच स्थापित गर्न आवश्यक सहयोग तथा परामर्श सेवा उपलब्ध गराइनेछ ।

१७४.समाजमा भएका विभिन्न किसिम्का द्धन्द्धहरुको यथा सम्भव भए सम्म मेलमिलाप विधिबाट न्यायिक निरुपण गरिने र त्यसका लागि न्यायिक समिति, मेलमिलापकर्ता तथा प्रतिनिधिहरुलाई विभिन्न कानून तथा न्याय सम्बन्धी क्षमता विकास तालिम सञ्चालन गरिनेछ ।

## ६. अर्न्तसम्वन्धित क्षेत्रः-

### जलवायु परिवर्तनः-

१७५. जलवायु परिवर्तनको असरसँग जुध्न स्थानीय अनुकुलन कार्ययोजना कार्यान्वयन गरिनेछ ।

१७५.जलवायुमैत्री कृषि प्रणाली अवलम्बन गरि खाद्य सुरक्षा, पोषण तथा जीविकोपार्जन सुधार गरिनेछ । जलवायु उत्थानशीलता, पारिस्थितिकीय प्रणालीको संरक्षण गरि दिगो वातावरणीय सेवाहरुको सुनिश्चितता गरिनेछ ।

१७६.जलश्रोतको बहुउपयोगका साथै पुनर्भरण पोखरी तलाउहरु निर्माण गरि पानीको स्रोत बढाइनेछ ।

१७७.जलवायुजन्य प्रकोपहरुबाट व्यक्तिको जीवन तथा सम्पत्ति, स्वास्थ्य जीविकोपार्जन, भौतिक पूर्वाधार र सांस्कृतिक एवम् वातावरणीय सम्पदामा हुने क्षतिको न्यूनीकरण गरिनेछ ।

१७८.जलवायु सम्बद्ध नीति निर्माण, संस्थागत संरचना तथा कार्यक्रम कार्यान्वयनमा सुशासन र लैंगिक तथा सामाजिक समावेशीकरणलाई मुलप्रवाहीकरण गर्दै जीविकोपार्जनमा सहजीकरण गरिनेछ ।

१७९.जलवायु परिवर्तनको प्रभाव र जोखिम सम्बन्धमा जनचेतना अभिवृद्धि गर्दै न्यूनीकरण तथा अनुकुलनका उपायहरु अबलम्बन गर्न स्थानीय समुदाय लगायत सबै सरोकारवालाहरुको क्षमता विकास गरिनेछ ।

१८०.जलवायु परिवर्तन सम्बन्धी अध्ययन, अनुसन्धान एवम् प्रविधि विकास र प्रसारलाई प्रोत्साहन गरिनेछ ।

१८१.जलवायु परिवर्तन सम्बन्धी नीतिहरुको कार्यान्वयनका लागि राष्ट्रिय श्रोतको पहिचान गर्नुका साथै यस सम्बन्धी द्धिपक्षीय, बहुपक्षीय तथा अन्तर्राष्ट्रिय वित्तीय स्रोतमा पहुँच बढाई सवै श्रोतको न्यायोचित रुपमा परिचालन गरिनेछ ।

१८२. कृषि सडक, सिचाई,कुलो निर्माण,खानेपानी सुविधा,बाढी पहिरो नियन्त्रण र पुनर्भरण पोखरी निर्माणलाई जलावायु उत्थानशिल विकास अवधारण अर्न्तगत कार्यान्वयन गरिने ।

१८३.जलावायुजन्य विपद् जोखिम न्यूनिकरण गर्न आवश्यक कानुन, कार्यविधि, सचेतनामुलक क्रियाकलाप, वृक्षारोपण र आपतकालिन कार्यसञ्चालन केन्द्र सञ्चालन गरिने ।

१८४. जलवायु परिवर्तन तथा विपद् व्यवस्थापनको लागि जल तथा मौसम मापन केन्द्रहरुको स्थापना गर्न आवश्यक अध्ययन गरिनेछ ।

## गैरसरकारी संस्था, नागरिक समाज र सामुदायिक क्षेत्रः

१८५.समग्र विकास प्रयासमा गैसस, नागरिक समाज र सामुदायिक क्षेत्रको भूमिकालाई सहयोगीको रुपमा प्राथमिकता दिइनेछ ।

१८६.सामाजिक शक्ति परिचालन गरी गरिबी निवारण, क्षमता अभिवृद्धि, नागरिक सचेतना तथा कर्तव्यबोध र सशक्तिकरण एवम् विपद् व्यवस्थापनमा गैसस, नागरिक समाज र सामुदायिक क्षेत्रको सहयोग परिचालन गरिनेछ ।

१८७.गैससका स्थानीय क्रियाकलापमा आवश्यक सहयोग र समन्वय गरिनेछ ।

## तथ्यांङ्क प्रणालीः-

१८८.पालिकाले गरेका सम्पूर्ण गतिविधिहरुको तथ्यांकीय रुपमा दस्तावेजीकरण गरिनेछ ।

१८९.नगरवासीहरुको आर्थिक, सामाजिक अवस्था एवम् जनसांख्यिक विवरणलाई आर्थिक परिसूचकका आधारमा मापन गरिनेछ ।

१९०.तथ्यमा आधारित नीति निर्माणमा जोड दिइनेछ ।

## गरिवी निवारणः

१९१. घरधुरी सर्भेक्षण मार्फत गरिव घर परिवार पहिचान गरी अद्यावधिक गरिनेछ । यस्तो विवरण गरिव घर परिवार सूचना व्यवस्थापन प्रणाली विकास गरी व्यवस्थित गरिनेछ ।

१९२.पहिचान भएका गरिब लक्षित गरिवी निवारण कार्यक्रम तथा योजना तर्जुमा गरि लागूगरिनेछ ।

१९३.स्वरोजगारमूलक सीप विकास तालिम तथा शिक्षा कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१९४.उत्पादनमूलक रोजगारी तथा अवसरको अभिवृद्धि गरी यसमा गरिबको पहुँच सुनिश्चित गरिनेछ ।

१९५.गरिबी निवारण नीति तर्जुमा गरी उत्पादनका स्रोतसाधनमा गरिबहरुको पहुँच सुनिश्चित गरिनेछ ।

१९६.आधारभूत आवश्यकताका वस्तु तथा सेवाहरुमा गरिबहरुको पहुँच सुनिश्चित गर्न आवश्यक सरकारी, निजी तथा गैरसरकारी प्रयासलाई परिचालन गरिनेछ ।

**श्रम तथा रोजगारः-**

१९७.आ व २०८२-०८३ मा गुर्भाकोट नगरपालिकाको १४ वटै वडाबाट बेरोजगार हरुको तथ्याङ्क सङ्कलन गरि उक्त व्यक्तिहरुको सीप अनुसार रोजगारी सिर्जना गरिनेछ।

१९८.श्रम बजारको माग र आवश्यकता अनुसार सीप विकास तालिम सञ्चालन तथा व्यवस्थापन गरिनेछ।

१९९.मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गरि न्यूनतम रोजगारीको हकलाई सुनिच्छित गरिनेछ।

२००.मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सिचाई कुलो,सडक आर सी सी,सिचाई ड्याम जस्ता पुर्वाधार निर्माणका कार्य गरि कृषी क्षेत्रको विकास गरिनेछ।

२०१.वैदेशिक रोजगारीमा आवद्ध व्यक्तिहरुलाई भैपरिआउने समस्या हरुको सहजिकरन गरिनेछ।

२०२.वैदेशिक रोजगारी बाट फर्केर नेपालमै स्वरोजगारीमा आवद्ध हुने चाहने व्यक्तिहरुलाई आवश्यक सहायता एवं प्रकृयामा सहजिकरण गरिनेछ

**सभाका सदस्यज्यूहरु,**

मैले यस गुर्भाकोट नगरपालिकाको तर्फबाट आर्थिक वर्ष २०८२।०८३ को नीति तथा कार्यक्रम संक्षिप्त रुपमा प्रस्तुत गरिसकेको छु । समृद्ध गुर्भाकोट नगरपालिका निर्माणको अभियानमा नगरवासी दाजुभाई तथा दिदीबहिनिहरुले दिनुभएको साथ र सहयोगको लागि हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।जनभावना अनुसार नै अघि बढ्ने हाम्रो परम्परा र चाहना रहेको व्यहोरा अवगत गराउन चाहन्छु ।

यो नीति तथा कार्यक्रम तयार गर्ने क्रममा सहयोग पुर्‍याउनुहुने नगरसभाका सदस्य, कर्मचारी, सबै राजनीतिक दलका प्रतिनिधिज्यूहरु, स्थानीय बौद्धिक बर्ग तथा सरोकारवाला महानुभावहरु साथै विभिन्न संघ-संस्थाका प्रतिनिधिज्यूहरु सबैप्रति हार्दिक आभारसहित धन्यवाद व्यक्त गर्न चाहन्छु ।

नगरको समग्र विकासको लागि सबैको अमूल्य सूझवाप्रति सधैं अपेक्षाका साथ उपस्थित सम्पूर्णमा हार्दिक धन्यवाद दिन चाहन्छु !

हस्त पुन

नगर प्रमुख

**२०८२ साल असार १० गते मंगलबार**

**११४५ तछलागा,१४ मंगलबार**